# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, भदौ १७ गते, २०६४ साल (संख्या २१

## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको

# सूचना २

## राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूह (गठन) नियमावली, २०६४

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूह (गठन) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "केन्द्र प्रमुख" भन्नाले राष्ट्रिय सतर्कता केन्द्रको प्रमुख सम्झनुपर्छ ।

(ख) "केन्द्र" भन्नाले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम गठित राष्ट्रिय सतर्कता केन्द्र सम्झनुपर्छ ।

(ग) "राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूह" भन्नाले नियम ३ बमोजिम गठित राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूह सम्झनुपर्छ ।

३. राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहको गठन: (१) राष्ट्रिय सतर्कता केन्द्रको काम कारबाही सुचारु रुपले सञ्चालन गर्नका लागि एक राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूह गठन गरिएको छ ।

(२) यो नियमावली प्रारम्भ हुँदाका बखत राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत प्रहरी कर्मचारी राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहमा स्वतः समूहीकृत हुनेछन् ।

४. श्रेणी र पद : (१) राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहमा देहायका श्रेणी रहने छन् :-

(क) राजपत्राङ्कित श्रेणी,

(ख) राजपत्र अनङ्कित श्रेणी ।

(२) राजपत्राङ्कित श्रेणीमा देहायका पदहरु रहनेछन् :-

(क) प्रथम श्रेणी - प्रहरी नायव महानिरीक्षक र प्रहरी वरिष्ठ उपरीक्षक

(ख) द्वितीय श्रेणी- प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक

(ग) तृतीय श्रेणी- प्रहरी निरीक्षक ।

(३) राजपत्र अनङ्कित श्रेणीमा देहायका पदहरु रहनेछन् :-

(क) प्रथम श्रेणी- प्रहरी नायव निरीक्षक

(ख) द्वितीय श्रेणी- प्रहरी सहायक निरीक्षक

(ग) तृतीय श्रेणी- प्रहरी हवल्दार

(घ) चतुर्थ श्रेणी- प्रहरी जवान ।

५. केन्द्र प्रमुखको मातहतमा रहने : राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहमा कार्यरत प्रहरी कर्मचारी केन्द्र प्रमुखको मातहतमा रहनेछन् ।

६. रिक्त पद बढुवाद्वारा मात्र पदपूर्ति हुने: (१) राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहमा रिक्त पदको पूर्ति यस नियमावली बमोजिम बढुवाद्वारा मात्र हुनेछ ।

(२) उपनियम (१) बमोजिम बढुवा भएपछि रिक्त हुन आउने पदमा बढुवाको लागि सम्भाव्य हुने उम्मेदवार कोही पनि नभएमा त्यस्तो पद स्वतः खारेज भएको मानिनेछ ।

७. **बढुवा सम्बन्धी व्यवस्था** : राष्ट्रिय सतर्कता प्रहरी समूहको देहायका पदमा बढुवाको सिफारिस गर्न केन्द्रमा देहाय बमोजिमको एक बढुवा समिति रहनेछ :-

(१) प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक पदका लागि-

(क) केन्द्र प्रमुख -अध्यक्ष

(ख) प्रतिनिधि, राजपत्राङ्कित प्रथम श्रेणी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) केन्द्रका प्रहरी नायव महानिरीक्षक र निज नभए केन्द्रमा कार्यरत सह-सचिवमध्ये केन्द्र प्रमुखले तोकेको एकजना सदस्य-सचिव

(२) प्रहरी नायव निरीक्षक, प्रहरी सहायक निरीक्षक र प्रहरी हवल्दार पदका लागि-

(क) केन्द्र प्रमुखले तोकेको केन्द्रमा कार्यरत सह-सचिव वा प्रहरी नायव महानिरीक्षक -अध्यक्ष

(ख) केन्द्र प्रमुखले तोकेको केन्द्रका प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षक -सदस्य

(ग) केन्द्र प्रमुखले तोकेको केन्द्रको उपसचिव सदस्य-सचिव

८. **बढुवाको लागि अपनाउनु पर्ने कार्यविधि** : राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहका प्रहरी कर्मचारीको बढुवा गर्दा देहायको कार्यविधि अवलम्बन गरिनेछ :-

(१) राष्ट्रिय सतर्कता प्रहरी समूहका प्रहरी कर्मचारीको वैयक्तिक विवरण केन्द्रले राख्नेछ ।

(२) बढुवाद्वारा पदपूर्ति गर्नका लागि केन्द्रले सम्भाव्य उम्मेदवारहरुको सूची तयार गरी नियम ७ बमोजिम गठित बढुवा समिति समक्ष पठाउनु पर्नेछ ।

(३) बढुवा समितिले सम्भाव्य उम्मेदवारहरु मध्ये प्रहरी नियमावली बमोजिम बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिस गर्नेछ ।

(४) बढुवा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

९. **तलव, भत्ता, राशन र सञ्चय कोषको सुविधा** : राष्ट्रिय सतर्कता केन्द्रका प्रहरी समूहका प्रहरी कर्मचारीले प्रचलित प्रहरी नियमावली, २०४९ बमोजिम समान श्रेणीका प्रहरी कर्मचारीले पाए सरह तलव, भत्ता, राशन र सञ्चय कोषको सुविधा पाउनेछन् ।

१०. **विदा स्वीकृत गर्ने अधिकार** : केन्द्रमा कार्यरत प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने अधिकार केन्द्र प्रमुख वा निजले तोकेको अधिकृतलाई हुनेछ ।

११. **बिभागीय सजाय र कारबाही गर्ने अधिकारी र पुनरावेदन सुन्ने अधिकारी** : राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहमा कार्यरत प्रहरी कर्मचारीलाई बिभागिय सजाय र कारवाही गर्ने अधिकार र त्यस्तो सजायउपर पुनरावेदन सुन्ने अधिकार प्रहरी नियमावली, २०४९ बमोजिम नेपाल सरकारबाट प्रयोग हुने पदका हकमा नेपाल सरकार र अन्य पदका हकमा केन्द्र प्रमुखलाई हुनेछ ।

१२. **तालीम आबश्यक नपर्ने** : राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहका प्रहरीले यस नियमावली बमोजिम बढुवाको निमित्त सम्भाव्य उम्मेदवार हुन अनिवार्य आधारभूत तालीम पूरा गर्न आवश्यक पर्ने छैन ।

१३. **पोशाक** : केन्द्रको प्रहरी कर्मचारीहरुले नेपाल सरकारले तोकेबमोजिमको पोशाक सुविधा पाउने छन् ।

१४. सुपरीवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ता : (१) राष्ट्रिय सतर्कता केन्द्र प्रहरी समूहका प्रहरीहरुको कार्यसम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्यांकन गर्नको लागि देहायका अधिकारी क्रमशः सुपरीवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ता हुनेछन् :-

| सि.नं | पद | सुपरीवेक्षक | अवलोकनकर्ता | पुनरावलोकनकर्ता |
|---|---|---|---|---|
| १. | प्रहरी नायव महानिरीक्षक | केन्द्र प्रमुख | केन्द्र प्रमुख | केन्द्र प्रमुख |
| २. | प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी नायव महानिरीक्षक | प्रहरी नायव महानिरीक्षक | केन्द्र प्रमुख |
| ३. | प्रहरी उपरीक्षक | प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी नायव महानिरीक्षक | केन्द्र प्रमुख |
| ४. | प्रहरी नायव उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी नायव महानिरीक्षक | केन्द्र प्रमुख |
| ५. | प्रहरी निरीक्षक | प्रहरी नायव उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी वरिष्ठ उपरीक्षक |
| ६. | प्रहरी नायव निरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायव उपरीक्षक | प्रहरी उपरीक्षक |
| ७. | प्रहरी सहायक निरीक्षक | प्रहरी नायव निरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायव उपरीक्षक |
| ८. | प्रहरी हवल्दार | प्रहरी नायव निरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायव उपरीक्षक |
| ९. | प्रहरी जवान | प्रहरी सहायक निरीक्षक | प्रहरी नायव निरीक्षक | प्रहरी निरीक्षक |

(२) उपनियम (१) बमोजिमका सुपरीवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ता मध्ये कुनै अधिकारी केन्द्रमा कार्यरत नरहेमा केन्द्र प्रमुखले तोकिदिएको केन्द्रको कुनै अधिकारीले सुपरीवेक्षक, अवलोकनकर्ता वा पुनरावलोकनकर्ताको काम गर्नेछ ।

१५. बचाउ : यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावली बमोजिम र यस नियमावलीमा नलेखिएको कुराका हकमा प्रहरी नियमावली, २०४९ बमोजिम हुनेछ ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, मंसिर ३ गते, २०६४ साल (संख्या ३१


## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

### सूचना १

**प्रहरी ( बाह्रौं संशोधन ) नियमावली, २०६४**

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "प्रहरी ( बाह्रौं संशोधन ) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी नियमावली, २०४९ को नियम ३ मा संशोधन** : प्रहरी नियमावली, २०४९ ( यसपछि "मूल नियमावली" भनिएको ) को नियम ३ को खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपिएका छन् :-

"(छ) प्राविधिक प्रहरी

(ज) राष्ट्रिय सतर्कता प्रहरी"